# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, वैशाख २४ गते २०३६ साल [ संख्या ४

### महालेखा परीक्षकको विभागको
### सूचना

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी
(सातौं संशोधन) नियमावली, २०३६

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उप-दफा (२) र दफा १० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी (सातौं संशोधन) नियमावली, २०३६" रहेको छ।

(२) यो नियमावली २०३५ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ५.३ मा संशोधनः महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५.३ को उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) जुनसुकै व्यहोराबाट कुनै पदाधिकारी नोकरीबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदाको तलब त्यसरी नोकरीबाट अलग भएको अवस्थामा निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने जति रकम एकमुष्ट पाउनेछ ।"

३. मूल नियमावलीको नियम ५.४ मा संशोधनः मूल नियमावलीको नियम ५.४ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) पदाधिकारीले पाउने बिरामी बिदा सञ्चित हुँदै जानेछ । जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा निजको संचित रहेको बिरामी बिदाको तलब त्यसरी नोकरीबाट अलग भएको अवस्थामा निजको पदाधिकार रहेको पदबाट खाई पाई आएको तलबको दरले हुन आउने जति रकम एकमुष्ट पाउनेछ ।"

४. मूल नियमावलीको नियम ५.१३ मा संशोधनः मूल नियमावलीको नियम ५.१३ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) उप-नियम (२) बमोजिमको बिदाको लगतको एक प्रति उतार सम्बन्धित पदाधिकारीलाई समेत दिनु पर्नेछ । बढुवाको लागि कारवाही हुँदा यस्तो बिदाको रेकर्ड पेश गर्ने जिम्मेवारी मह।लेखा परीक्षकको विभाग हुनेछ ।

तर, महालेखा परीक्षकको विभागबाट त्यस्तो कुनै रेकर्ड पेश हुन नसक्ने अवस्था परेमा वा पेश भएको रेकर्ड अधूरो भएमा सम्बन्धित पदाधिकारीले पेश गरेको रेकर्डलाई बढुवाको कारवाहीमा मान्यता दिइनेछ ।

५. मूल नियमावलीको नियम ६.६ मा संशोधनः मूल नियमावलीको नियम ६.६ को उप-नियम (५) झिकिएको छ ।

६. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को प्रतिवन्धात्मक वाक्यांश (४) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश (५) थपिएको छः–

"(५) यस नियमबमोजिम निवृत्तभरण पाइरहेको व्यक्ति श्री ५ को सरकारको पूर्ण वा अधिकाँश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रण भएको सङ्गठित संस्था वा श्री ५ को सरकारबाट प्राप्त अनुदानबाट सञ्चालन भएको अन्य कुनै सङ्गठित संस्थामा नियुक्त भई त्यस्तो संस्थामा बहाल रहेसम्मको अवधिभर त्यस्तो व्यक्तिले यस नियमावलीबमोजिमको निवृत्तभरण पाउनेछैन ।"

७. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको:–

"(२) कुनै पदाधिकारीले देहायबमोजिम पाउने रकम लिन नपाउँदै निजको मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरूमध्ये यस नियमबमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नियम ५.३ को उप-नियम (४) बमोजिम संचित घर बिदाको रकम,
(ख) नियम ५.४ को उप-नियम (३) बमोजिम संचित बिरामी बिदाको रकम,
(ग) नियम ७.६ को उप-नियम (२ ख) बमोजिम पाउने उपचार खर्च,
(घ) नियम ७.६ क को उप-नियम (३) बमोजिम पाउने उपचार खर्च,
(ङ) नियम ७.८ को उप-नियम (१) र (८) बमोजिम पाउने उपचार खर्च बापतको रकम ।"

८. मूल नियमावलीको नियम ७.६ मा संशोधनः मूल नियमावलीको नियम ७.६ को उप-नियम (२) पछि देहायको उप-नियम (२ क) र (२ ख) थपिएका छन्:–

"(२ क) उप-नियम (१) बमोजिम अशक्त भएको पदाधिकारीलाई चोट पटकको अवस्था हेरी आर्थिक सहायता बापत दशहजार रूपैयाँसम्मको एकमुष्ट रकम दिन सकिनेछ । यसरी आर्थिक सहायता नदिएको अवस्थामा निज तत्काल बहाल रहेको उच्चतम पद (कायम मुकायम गरेको वा नियम ८.५ को उप-नियम (२) बमोजिम काम गरेको भए सो पदको समेत) अन्तिम स्केलको तलबको हिसाबले उप-नियम (२) बमोजिम अशक्त निवृत्त-भरण पाउनेछ ।

(२ ख) उप-नियम (१) बमोजिम चोट पटक लाग्न गै उपचार गराउँदा लाग्ने उपचार खर्चको शत प्रतिशत रकम त्यस्तो पदाधिकारीले पाउनेछ ।"

९. मूल नियमावलीमा नियम ७.६ क थपः मूल नियमावलीको नियम ७.६ पछि देहायको नियम ७.६ क थपिएको छः–

"७.६ क. अङ्गभङ्ग भए बापत पाउने सुविधाः (१) कुनै पदाधिकारी सरकारी कामको सिलसिलामा चोट पटक लाग्न गै सेवाबाट अवकाश लिनु पर्ने नभए तापनि सो चोट पटकको कारणबाट निजको क्षमता वृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो पदाधिकारीलाई लागेको चोट पटकको अवस्थाको बिचार गरी निजले खाईपाई आएको तलबको अन्तिम स्केलको तलब वृद्धि दिनु वा दशहजार रूपैयाँसम्मको एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ ।

(२) उप-नियम १ बमोजिमको चोट पटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त पदाधिकारीले कुनै पनि संचित बिदाबाट बिदा कट्टा नहुने गरी पूरा तलबसहितको थप बिरामी बिदा पाउनेछ ।

(३) उप-नियम (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्चको शत प्रतिशत रकम त्यस्तो पदाधिकारीले पाउनेछ । यसरी उपचार खर्च पाएको कारणले त्यस्तो पदाधिकारीले पछि बिरामी हुँदा नियम ७.८ बमोजिम पाउन सक्ने उपचार खर्च पाउनमा कुनै बाधा पर्नेछैन ।

(४) कुनै पदाधिकारीले जानाजान आफ्नो गम्भीर लापरवाहीले चोट पटक लगाएको कारणले अङ्गभङ्ग भएकोमा यस नियमबमोजिमको सुविधा पाउनेछैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम ७.८ मा संशोधनः मूल नियमावलीको नियम ७.८ को

(१) उप-नियम (१) को खण्ड (क) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्य थपिएको छः–

"तर चिकित्सकको प्रेश्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"

(२) उप-नियम (१) को खण्ड (ख) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्य थपिएको छः–

"तर चिकित्सकको प्रेश्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"

(३) उप-नियम (१) को खण्ड (ङ) झिकिएको छ ।

(४) उप-नियम (२) मा रहेको "राजपत्र अनङ्कित पदाधिकारी भए डेढ वर्षको तलब बराबरको रकमसम्म" भन्ने वाक्याँशको सट्टा "राजपत्र अनङ्कित पदाधिकारीमध्ये राजपत्र अनङ्कित प्रथम श्रेणीको पदाधिकारी भए पन्ध्र महीना बराबरको र अन्य राजपत्र अनङ्कित पदाधिकारी भए अठार महीना बराबरको तलब रकमसम्म" भन्ने वाक्यांश राखिएको छ ।

(५) उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छः–

"(४) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि पदाधिकारीलाई श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिएको हदसम्मको रकमको लागेको बीलबमोजिमको खर्च दिइनेछ ।"

(६) उप-नियम (४) पछि देहायको उप-नियम (४ क) थपिएको छः–

"(४ क) दश वर्षको स्थायी सेवा अवधि पूरा गरिसकेको पदाधिकारीको सगोलको पति वा पत्नी, आमा वा बाबु वा नाबालक छोरा वा छोरी बिमारी भएमा उप-नियम (२) बमोजिम पाउने अधिकतम उपचार खर्च रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बीलबमोजिम भएको उपचार खर्चको रकम सम्बन्धित पदाधिकारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेश्क्रिप्शन पनि पेश गर्नु पर्नेछ ।

तर यस उप-नियमबमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित पदाधिकारीको एक महीनाको तलबभन्दा बढी हुने छैन ।"

(७) उप-नियम (६) पछि देहायका उप-नियम (७), (८), (९) र (१०) थपिएका छन् :

"(७) कुनै अस्थायी पदाधिकारी बिरामी भएमा औषधी उपचारको लागि रकम निकासा दिंदा बीस वर्षको अवधिलाई नोकरीको पूरा अवधि मानी त्यसको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुपातमा बिरामी हुने अस्थायी पदाधिकारीले गरेको सेवाअवधिले हिसाब गरी यस नियमबमोजिम उपचार खर्च दिइनेछ।

(८) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट पदाधिकारीले नोकरीबाट अलग हुँदा उप-नियम (२) बमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई-तिहाईको हिसाबले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ।

(९) कुनै पदाधिकारी नोकरीबाट अलग हुँदा निजले यस नियमबमोजिम पाउने पूरै उपचार खर्च लिई सकेको रहेछ भने निज पुनः सेवामा नियुक्ति भएमा निजले यस नियमबमोजिम उपचार खर्च पाउनेछैन।

(१०) यस नियमबमोजिम उपचार खर्च माग गर्ने पदाधिकारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ। बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ।"

११. मूल नियमावलीको नियम ७.११ मा संशोधन : मूल नियमावलीको नियम ७.११ को उप-नियम (३) को अन्त्यमा देहायको वाक्य थपिएको छः–

"निवृत्तभरणको लागि फाराम भरी पठाउने व्यक्तिले कुन ठेगानामा निवृत्तभरणको अधिकारपत्र पठाई दिनु पर्ने हो भन्ने कुरा खोली किताबखानामा लेखी पठाउनु पर्नेछ र सबै रीत पुगेकोमा सम्बन्धित व्यक्तिले पाउने गरी पैंतीस दिनभित्र निवृत्तभरणको अधिकार-पत्र सम्बन्धित व्यक्तिलाई पठाई दिनु पर्नेछ।

रामप्रसाद जोशी,
महालेखा परीक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।